# सुनुवार महिला समाज (सु.म.स)

**भूमिका :**

सुनुवार जाति नेपाल सरकारद्वारा सूचिकृत ५९ आदिवासी जनजातिहरू मध्ये एक आदिवासी जनजाति हो र यसलाई सिमान्तकृत समूहमा राखिएको छ । नेपालको पूर्विय क्षेत्र सुनकोशी वारीलाई सुनुवारहरूको आदिकाल देखिको बसोबासको थलो मानिन्छ । बढि जसो सुनुवारहरू रामेछाप, ओखलढुंगा, सोलुखुम्बु, दोलखा, उदयपुर, सिन्धुली आदि जिल्लाहरूमा छरिएर रहेको पाइन्छ । नेपालको केन्द्रिय तथ्याङ्क विभागको जनगणना तथ्याङ्क (२०५८) अनुसार सुनुवाहरूको हालको जनसंख्या जम्मा ९५,२५४ रहेको छ । जसमा महिलाहरूको संख्या ४,७१८९ र पुरुषहरूको संख्या ४,८०६५ रहेको छ ।

सुनुवारहरूको प्रमुख पेशा कृषि भए पनी केहि संख्यामा उनीहरू सैनिक, प्रहरी, सरकारी तथा गैरसरकारी संघ संस्थामा कार्यरत हुनुको साथै अन्य सानातिना उद्योग तथा व्यवसायमा पनि सहभागिता देखिन्छ । सुनुवाहरूले बाँसद्वारा उत्पादन विभिन्न किसिमका सामाग्रीहरू जस्तै डोको, डालो, नाङ्लो आदि निक्कै प्रख्यात मानिन्छ । त्यस्तै सुनुवार महिलाहरू पनि हाते तानमा खाडीको कपडा बुन्न र घरेलु हाते बुनाइमा सिपालु हुन्छन् ।

सुनुवार महिला समाज (सु.म.स), सुनुवार महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई संवर्द्धन र प्रवर्धन गर्ने प्रतिवद्धताका साथ स्थापना भएको एक मुनाफा रहित स्वतन्त्र, गैरराजनितिक, विशुद्ध जातीय संस्था हो । यो संस्था २०५६ सालमा स्थापना भई जिल्ला प्रशासन कार्यलय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषदमा पनि यसको आवद्धता छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (रा.आ.अ.म.), २२ वटा आदिवासी जनजाति महिलाहरूको छाता संगठनको पनि एक सदस्यको रुपमा रहेको छ । उक्त रा.आ.अ.म.को सु.म.स एक संस्थागत सदस्य पनि हो ।

**संस्थाको संरचना :**

सुनुवार महिला समाज (सु.म.स.) को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३/३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट १३ सदस्यीय केन्द्रिय कार्यकारिणी समितिको चयन हुने गर्दछ । महाधिवेशनले पारित गरेको नीतिनियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यक्रमहरूको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

**संगठनिक ढाँचा**

केन्द्रिय कार्यकारिणी समिती

↓

जिल्ला समिति

↓

प्रारम्भिक ईकाई समिति
(गा.वि.स./नगरपालिका)

**१. समग्र विकासको दिर्घकालीन सोच :**

नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा छरिएर रहेका सुनुवार महिलाहरूको शैक्षिक, आर्थिक, राजनैतिक, सामाजिक क्षेत्रमा सशक्त रुपमा सुधार भएको हुनेछ।

**२. संस्थाको दिर्घकालीन सोच :**
सुनुवार महिला समाज मानवीय तथा भौतिक साधनहरूले सम्पन्न भई व्यवस्थित भएको हुनेछ र सुनुवार वस्तिका २२ वटै जिल्लामा शाखा विस्तार गरी प्रगतिशील संस्थाको रुपमा अगाडि बढ्नेछ।

**३. संस्थाको ध्येयः**
नेपालमा छरिएर रहेका अल्पसंख्यक सुनुवार महिलाहरूलाई एकीकृत गरी चौतर्फी विकासमा योगदान पुऱ्याउन स्पष्ट कार्य र कार्यक्रम बनाई सो सञ्चालनको निम्ति यो संस्था स्थापना भएको हो।

**उद्देश्यहरू :**
१. सुनुवार महिलाहरूमा सामाजिक, साँस्कृतिक, आर्थिक, भाषिक र जातीय पहिचान बारे सचेतना जागरण गराउने।
२. सुनुवार महिलाहरूलाई तालिम, कार्यशाला गोष्ठी, अन्तरक्रिया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरूद्वारा सशक्तीकरण गराउने।
३. सुनुवार महिलाहरूलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने।
४. सुनुवार महिला समाजलाई संगठित रुपमा अगाडि बढाउनका लागि संगठन विस्तार र विकास गर्ने।

५. सुनुवार महिलाहरूको लागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र सीपको विकासका गरि आर्थिकरुपमा सक्षम पार्ने।

६. सुनुवार महिलाहरूको हक र अधिकार स्थापित गर्नको लागि विभिन्न क्रियाकलाप गर्ने ।

**कार्यक्रम/कृयाकलाप :**
सुनुवार महिला समाजबाट संचालन हुने क्रियाकलापहरू :
१. सुनुवार महिलाहरूका भाषा तथा संस्कृति जगेर्ना गर्नेमा प्रोत्साहन दिने खालका कार्यक्रमहरू
- जातीय भेषभूषा तथा प्रर्दशनी
- उभौली/उधौली कार्यक्रममा संयोजन

२) सुनुवार महिलाहरूलाई आर्थिक, सामाजिक र राजनैतिकरूपमा सशक्तीकरण गर्ने खालका कार्यक्रमहरू
- जातीय चेतना अभिवृद्धि तालिम
- महिला अधिकार बारे चेतना अभिवृद्धि तालिम
- आय आर्जनका कार्यक्रमहरू

३. संगठनको विस्तार र विकासका लागी विभिन्न जिल्लाहरूमा गठन भएका जिल्ला समितिहरूको संस्थागत विकास गर्ने र बाकी रहेका जिल्लाहरूमा समिति, नगर विकास समिति र गाउँ विकास इकाई समितिहरू गठन र विस्तार

४. सुनुवार महिलाहरूको लागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरू
५. सुनुवार महिलाहरूको हक र अधिकार स्थापित गर्ने खालका कार्यक्रमहरू

६. सु.म.स.सँग साझा सवालहरू भएका अन्य संघ संस्थाहरूसँग सम्बन्ध विस्तार गर्दै जाने ।

७. प्रकाशन

- *सिर्मी* त्रैमासिक पत्रिका (आदिवासी जनजाति महिला सम्बन्धि पत्रिका)

**कार्यक्रमको मुख्य उपलब्धिहरू**

१. सुनुवार महिलाहरू आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तीकरण भएका हुनेछन् ।

२. सुनुवार महिला समाजको विभिन्न जिल्ला, गाउँ, र इकाई समितिहरूमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३. सुनुवार महिलाहरूले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४. सुनुवार महिलाहरूको भाषा तथा सँस्कृति जगेर्ना भएको हुनेछ ।
५. सुनुवार महिलाहरूको हक रअधिकार स्थापित भएको हुनेछ ।
६. सुनुवार महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ ।

**ठेगाना :**
सुनुवार महिला समाज
केन्द्रिय समिति
कोटेश्वर काठमाडौ
पोष्ट बक्स नं. ४२८४, काठमाडौं, नेपाल

**फोन नं.९८४१-३४२९९२, ९८०३३८४०२७**
**ईमेल :** swomen@enet.com.np